वर्ष २० | अंक ३५४ | नेपाल संवत् ११४२ | २०७९ भदौ ३१ गते शुक्रबार | 16 Sept. 2022 | पृष्ठ ४ | मूल्य रु. १०




एउटै पढे पुग्छ
समाधान
samadhannews.com
राष्ट्रिय दैनिक




# मेयरसँग गुनासो: फोहोर र पार्किङ

**सञ्जय रानाभाट**
पोखरा, ३० भदौ

पोखरा महानगरले भदौ ११ गतेबाट सुरु गरेको हेल्लो मेयर कार्यक्रममा प्रत्येक दिन केही न केही गुनासा टिपाइन्छन् । गत बुधबार एक उपभोक्ताले फोन गरे । मालेपाटन विद्युत कार्यालयमा पार्किङ गर्न नपाएको भन्दै हेल्लो मेयर कक्षका कर्मचारीलाई उनले सबै विवरण सुनाए ।

'पोखरा मालेपाटनमा रहेको बिजुली अफिसमा महशुल तिर्न जाँदा पार्किङ गर्न पाइनँ । बिजुली अफिसभित्र पार्किङ गर्ने ठाउँ भए पनि भित्र सवारी लैजानै दिँदैन । लौ न हजुर, मैले के गरौं ? मेयरलाई भनेर सहज पार्किङ गर्न मिल्ने व्यवस्था गरिदिनुपर्‍यो,' टेलिफोनमा उनले भने ।

बिजुली अफिस जस्तो महिनामा १ पटक जाने ठाउँमा पनि पार्किङ नपाएका यी पात्र प्रतिनिधिमात्रै हुन् । पोखराका मुख्य बजार, चोकमा सवारीको चाप उच्च हुन्छ । दुई पांग्रे सवारी नै पार्किङ गर्ने ठाउँ भेट्न मुस्किल पर्छ ।

मुख्य चोकहरु महेन्द्रपुल, चिप्लेढुंगा, न्युरोड, नयाँबजार, अमरसिंहचोक, लेकसाइड र पृथ्वीचोकमा सवारी साधन पार्किङ गर्न हत्तपत्त ठाउँ पाइन्न । अफिस समयमा चार पांग्रे सवारी पार्किङ गर्न पनि उस्तै धौ छ । चार पांग्रे सवारी धनीले दुई पांग्रे सवारी लिएर बजार डुल्नुपर्ने अवस्था छ । पार्किङ गर्न अर्को व्यक्तिले कुन बेला सवारी साधन निकाल्छ, हेरेर बस्नुपर्छ । कुनै बेला त्यो पनि पाइँदैन ।

हेलो मेयरमा आउने अरु गुनासा सडक, पानी, बिजुली र फोहोरका छन् । धेरै जस्तो जग्गा विवादका पनि छन् । कतिपयले नक्सा पास नगरी संरचना बनाएको गुनासो पनि सुनाउने गरेको हेल्लो मेयर कक्षकी कर्मचारी माया गुरुङले बताइन् ।




**११८१ मा फोन गर्ने अधिकांश पोखरेलीले अव्यवस्था र सेवा प्रवाहबारे गुनासो गर्ने गरेका छन्**

उनका अनुसार हेल्लो मेयरमा जिल्ला प्रहरी कार्यालयबाट समेत गुनासो आएको बताइन् । 'सृजना चोकको पुलमुनि सानो खाल्टो परेपछि प्रहरीको कन्ट्रोल रुमबाट महानगरलाई जानकारी गराउनुभएको थियो । अहिले महानगरले त्यहाँ काम गरिसकेको अवस्था छ,' उनले भनिन् । बत्ती नआएको विषय पनि गुनासोको रुपमा महानगरमा आएको उनले सुनाइन् । भन्छिन्, 'लामाचौरमा २ घन्टा बत्ती गएको रैछ । उहाँहरुले किन लोडसेडिङ भयो भनेर हेल्लो मेयरमा गुनासो टिपाउनुभएको छ ।'

पोखरा २५ हेमजा मसिना बगरमा मंगलबार फोहोर उठाउन महानगरको गाडी नआएको भन्दै फोन आयो । ती व्यक्तिले २ महिनादेखि घरमा फोहोर थुप्रिएर बसेको महानगरमा गुनासो टिपाएका छन् । मंगलबार नै पोखरा अर्घौंचोकको एक पार्टी प्यालेसले नक्सा पास नगरी संरचना बनाएको भन्दै गुनासो महानगरमा आएको छ ।

२६ गते पोखरा-तालचोकको बाटोमा खाल्डाखुल्डी छिटो पुरिदिन अनुरोध गर्दै फोन आएको थियो । खाल्डाखुल्डीले दुर्घटना बढ्दै गएकाले महानगरलाई यथाशीघ्र सडक मर्मत गर्न अनुरोध गर्दै फोन गरेको कर्मचारी गुरुङले बताइन् । गुरुङका अनुसार २३ गते पोखरा २५ हेमजाको स्वास्थ्य चौकीभन्दा माथिल्लो बस्तीमा खानेपानी नदिएको भन्दै गुनासो आएको बताइन् । वडाध्यक्षले यस विषयमा चासो नदिएपछि महानगरमा सम्पर्क गर्नुपरेको ती व्यक्तिको दुखेसो थियो ।

हेल्लो मेयरमा धेरैले कुशासन, अव्यवस्थाबारे गुनासो पोखेका छन् । कतिपयले सन्देशमा समाचार, सुझाव र व्यक्तिगतदेखि सार्वजनिक चासोका गुनासा टिपाएका छन् । 'दैनिक केही न केही गुनासा आइरहेका छन् । अहिले हेल्लो मेयरमा सुनाएपछि महानगरले काम गर्छ भन्ने सन्देश जनतामा छ,' गुरुङले भनिन् । महानगरको कुनै सेवामा गुनासो भए ११८१ मा फोन गरेर टिपाउन सकिन्छ ।

# कालीगण्डकीबाट वालुवा, गिट्टी झिक्ने तयारी

**सुन्दरकुमार थकाली**
जोमसोम, ३० भदौ

मुस्ताङमा कालीगण्डकी किनारका बासिन्दा बर्सेनी नदी कटानको मारमा पर्दै गएका छ । यो समस्या समाधान गर्न नदीजन्य पदार्थ निकाल्ने तयारी भएको छ । जिसस मुस्ताङको जिल्ला सभाले कालीगण्डकी नदीमा बर्सेनी ढुंगा, गिट्टी, बालुवा र ग्रेगान जम्मा हुँदा तटीय क्षेत्रका बस्ती जोखिममा परेको निस्कर्ष निकालेको छ ।

नदी नियन्त्रणका लागि नदीजन्य पदार्थको समुचित संकलन तथा व्यवस्थापन गर्न पहल गर्ने सभाले निर्णय गरेको छ । मंगलबार भएको जिल्ला समन्वय समिति मुस्ताङको छैटौं जिल्ला सभामा ५ स्थानीय तह र जिल्लाका सरोकारवाला निकायको उपस्थिति थियो ।

कार्यक्रममा संघीय सांसद प्रेमप्रसाद तुलाचनले तीन तहका सरकारले गर्ने कार्यसम्पादनमा जिल्ला समन्वय समितिले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने बताए । तुलाचनले आफू दुर्गम जिल्लाको जनप्रतिनिधि भए पनि विकासको मोडालिटी आफूबाट सिक्न अन्य संघीय सांसदलाई अनुरोध गरे । संघीयताको पहिलो कार्यकाल सकिँदै गर्दा संघ तथा प्रदेश सरकारबाट अर्बौंका विकास काम भएको बताए ।

सांसद तुलाचनले भने, 'पालिकाहरुले अब जनताको जीवनस्तर सुधार्ने काम गर्नुहोला, कृषि र पर्यटनको समस्या केलाउनु होला ।' सांसद तुलाचनले ठूला योजना संघ र प्रदेशबाट ल्याउन पहल गर्ने बताए । मुस्ताङलाई सडकमार्गबाट उत्तर/दक्षिण राजमार्ग र मुस्ताङ-डोल्पा जोड्ने काम छिटो सक्नुपर्ने विचार राखे ।

सभामा गण्डकी प्रदेशका सांसद महेन्द्रबहादुर थकाली, संविधानसभा सदस्य चन्द्रबहादुर गुरुङ, श्रीमाया थकाली, जिसस प्रमुख माया गुरुङ, पूर्व जिसस प्रमुख छिरिङ ल्हामो गुरुङ, घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचन र प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मा लगायतले बोलेका थिए ।

**बर्सेनी ढुंगा, गिट्टी, बालुवा र ग्रेगान जम्मा हुँदा तटीय क्षेत्रका बस्ती जोखिममा छन्**

सभाले जिल्लाका विविध विषयमा साझा अवधारणापत्र तयार पारेको जिसस अधिकारी शिवकुमार पौडेलले बताए । जिसस प्रमुख माया गुरुङको अध्यक्षतामा कार्यक्रम भएको हो । सभाले कृषि, पशुपालन र पर्यटन विकास तथा प्रर्वद्धनका लागि आवश्यक योजना तर्जुमा गर्ने, मुस्ताङको कुल क्षेत्रफलको १०.४९ प्रतिशतमात्र नापी भएको र बाँकी भोगचलन गर्दै आइरहेका नापी नभएका जग्गाको नापी गर्न संघ सरकारसँग अनुरोध गर्ने र जलवायु परिवर्तनका कारण कृषि, पशुपालन, पर्यावरणमा नकारात्मक प्रभाव परेको र त्यसको विकल्पका लागि वैज्ञानिक मार्ग अवलम्वन गर्ने र परम्परागत पुरानो घरको सांस्कृतिक सौन्दर्यता जोगाउन विकल्पहरु खोज्ने लगायतका साझा अवधारणा अनुमोदन गरेको समन्वय अधिकारी पौडेलले बताए ।









# सम्पादकीय

## शान्ति प्रक्रियालाई अलपत्र नपार

सशस्त्र द्वन्द्वकालिन मुद्दाका दोषीले उन्मुक्ति पाउने खालको व्यवस्था राख्नेकी हटाउने सवालमा सत्ता गठबन्धन र प्रतिप्रक्षी दल बीच मत बाँझिदा प्रतिनिधि सभामा विचाराधीन संक्रमणकालीन न्यायसम्बन्धी विधेयक अलपत्र पर्ने देखिएको छ । त्यस सवालमा सत्तारुढ र प्रतिपक्षी दल टसको मस नहुँदा विधेयक कानुन न्याय तथा मानव अधिकार समितिमा थन्किएको छ ।

खासगरी हत्या र अपहरणलाई गम्भीर मानवअधिकार उल्लंघनको परिभाषामा समेट्न र द्वन्द्वकालका घटनामा विशेष अदालतले गरेको फैसलामा पुनरावेदनको अधिकार राख्न नेकपा (एमाले) सांसदहरूले संशोधन प्रस्ताव ल्याएका थिए । भने सत्तारुढ दल नेकपा (माओवादी केन्द्र)का सांसदहरू यी दुई बुँदा संशोधन गर्नै नसकिने अडान राखेको कारण विधेयक अगाडी बढ्न नसकेको हो । वेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१' लाई संशोधन गर्न बनेको विधेयकमाथि दफाबार छलफल गर्दा निष्कर्ष ननिस्केपछि नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) विधेयकलाई सहमतिका साथ अगाडी बढाउने प्रस्तावका साथ समितिको बैठकमा पुगे पनि सफलता हासिल गर्न सकेनन् ।

'क्रुर हत्या'को ठाउँमा 'स्वेच्छाचारी हत्या' शब्द राखी मानवअधिकार उल्लंघन र मानवअधिकारको गम्भीर उल्लंघन भनी दुई खण्डमा द्वन्द्वकालका घटनालाई परिभाषित गर्न राखेको प्रचण्डको सुझावलाई एमालेका सांसदले अस्वीकार गरेको विवरण सार्वजनिक भएको छ । मानव अधिकार समितिका सदस्यहरुको सर्वदलीय कार्यदलको बैठकमा एमाले र माओवादी दुबै पक्षका सांसदले आ-आफ्नो अडान नछाडेपछि यसलाई बहुमतका आधारमा समितिबाट टुंग्याउने प्रस्ताव आएको थियो। । ६ महिनाको लागि कानुन मन्त्री बनेका गोविन्द शर्मा बन्दी द्वन्द्व पीडितलाई चित्त बुझाउने र विधेयकलाई संशोधन गर्नु भन्दा पनि 'फास्ट ट्र्याक' बाट विधेयक पारित गराउने पक्षमा थिए । तर कानुन मन्त्री गोविन्द शर्मा बन्दीले सर्वसम्मति अगाडी बढ्न नसके बहुमतको आधारमा अगाडी बढाउने पक्षमा नभएको कारण विधेयकको प्रक्रिया अहिलेको लागि बन्द हुन पुगेको छ । प्रतिनिधि सभाको पदावधी २०७९ असोज १ गते सकिदैछ । संसदको कार्यकाल सकिएपछि विधेयक स्वतह निस्कृय बन्ने सम्भावना बढेर गएको छ ।

गत असार महिनाको अन्तिम साता सरकारले प्रतिनिधि सभामा पेश गरेको विधेयक नेपालको संविधान र मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय कानुनको प्रतिकुल तथा सर्वोच्च अदालतले संशोधन गर्न दिएको निर्देशनात्मक आदेशको ठिक विपरित छ । सशस्त्र द्वन्द्वका पीडित तथा मानव अधिकारवादी संघ संस्थाको माग बमोजिम सरकारले नत विधेयक संशोधन गर्‍यो, नत बहुमतको नाममा जस्ताको तस्तै पारित गर्ने आँट देखायो । जसको कारण नेपालको लामो समय देखिको शान्ति प्रक्रियालाई टुंगोमा पुर्‍याउने राष्ट्रिय एजेण्डा फेरी अलपत्र पर्‍यो । नेपालले द्वन्द्व पीडितलाई न्याय नदिलाएर यो विषय अन्तर्राष्ट्रियकरण गर्न प्रेरित गरेको छ ।

## भोलिको पञ्चाङ्ग

श्रीसूर्य दक्षिणायनं, शरदृतुः, नलनाम संवत्सर, श्रीशाके १९४४, सम्वत २०७९ साल अश्विन १ गते शनिबार नेपाल सम्बत ११४२ ञलागा, सन् २०२२ सेप्टेम्बर १७ तारिक कृष्णपक्ष सप्तमी तिथि अपरान्ह २ वजेर ५६ मिनेटसम्म, रोहिणी नक्षत्र अपरान्ह २ वजेर १६ मिनेटसम्म, वज्रयोग, बवकरण, आनन्दादियोग श्रीवत्स, सूर्य कन्या राशिमा, चन्द्रमा राती ३ वजेर २२ मिनेटसम्म वृष उप्रान्त मिथुन राशीमा ।

## राशिफल



**वेदनिधि तिमिल्सिना**
सम्पर्क : ९८५६०२६३९७
Gmail: gurupatrakar@gmail.com

- **मेष** ▪ आर्थिक कारोवारमा सर्तक, काममा ढिला सुस्ति ।
- **वृष** ▪ समस्या कम हुने, रोकिएका कामले गति लिनेछ ।
- **मिथुन** ▪ समयले कम साथ दिने, स्वास्थ्यमा लगानी ।
- **कर्कट** ▪ औषधि चिकित्सा जस्ता व्यापारबाट आम्दानी ।
- **सिंह** ▪ गरेका काममा सोचे भन्दा राम्रो प्रगति हुनेछ ।
- **कन्या** ▪ प्रतिष्ठामा आच आउन सक्छ,विश्वासको संकट ।
- **तुला** ▪ काममा अवरोध,नोकरीमा समस्या,खर्च वृद्धि ।
- **वृश्चिक** ▪ रजोगुण बढ्ने, पढाई लेखाईमा प्रगति, अल्प लाभ ।
- **धनु** ▪ लाभ, मुद्धामा विजय, खेलकुदमा सक्रियता बढ्नेछ ।
- **मकर** ▪ भ्रमलाई चिरेर अगाडि बढ्नु पर्ने देखिन्छ ।
- **कुम्भ** ▪ स्वास्थ्यमा समस्या आउन सक्छ, खर्चमा वृद्धि ।
- **मीन** ▪ काममा चासो बढ्ने, व्यापारबाट आम्दानी बढ्ने ।


**सेप्टी टंकी सफाई गर्नुपरेमा**
**सम्पर्क**
**9802815296**
**9802815293**


# बिसिआइएस पास गरेकाले देश-विदेशमै अवसर पाउँछन्

एक्काइसौं शताव्दीमा सूचना, प्रविधिले संसारलाई सञ्चार ग्राममा रुपान्तरण गरिसकेको छ । स्थानीय तहहरुमा स्मार्ट सिटी निकै लोकप्रिय नारा बनेको छ । सूचना प्रविधिलाई दैनिक जीवनमा प्रयोग गर्न विभिन्न शैक्षिक कार्यक्रम अध्ययन, अध्यापन गर्ने लहर चलेको छ । पोखरा विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी पोखरा कलेज अफ म्यानेजमेन्ट(पिसिएम)ले विगत २० वर्षदेखि बिबिए कार्यक्रम सञ्चालन गर्दै आएको छ । पिसिएमले ५ वर्षदेखि आइटीतर्फ बिसिआइएस कार्यक्रमसमेत चलाइरहेको छ । बिसिआइएस कार्यक्रममा केन्द्रित भई पिसिएमाका उप-प्राचार्य **ई. हरिप्रसाद बराल**सँग गरिएको कुराकानी :



**ई. हरिप्रसाद बराल,** उप-प्राचार्य, पोखरा कलेज अफ म्यानेजमेन्ट

**बिसिआइएस कस्तो खालको कार्यक्रम हो ?**
बिसिआइएस भन्नाले ब्याचलर अफ कम्प्युटर इनफरमेसन सिस्टम बुझिन्छ । यो पोखरा विश्वविद्यालय व्यवस्थापन संकाय अन्तर्गतको कोर्स हो । यो कार्यक्रमलाई म्यानेजमेन्ट र आइटीको फ्युजन कोर्सको रुपमा पनि लिन सकिन्छ । जसमा ४९ प्रतिशत व्यवस्थापन र ५१ प्रतिशत आइटीका विषय छन् ।

**कुन विषय पढेका र कस्तो योग्यता भएकाले यो विषय पढ्न पाउँछन् ?**
बिसिआइएस पढ्नका लागि प्लस टु विज्ञान अथवा व्यवस्थापन संकायबाट उत्तीर्ण गरेको हुनुपर्छ । ३. विसिआइएस कार्यक्कमको पढाई कहाँ कहाँ छ । गण्डकी प्रदेशमा अहिले पिसिएममा मात्र यो कोर्स पढाइ हुन्छ । पोखरा विश्वविद्यालयका सम्बन्धन प्राप्त काठमाडौं, नारायणगढमा र वुटवल गरी अरु ५ कलेजमा पनि यो विषय पढाइ हुन्छ ।

**पछिल्लो समयमा बिसिआइएसमा विद्यार्थीको आकर्षण बढ्नुको कारण के होला ?**
विद्यार्थीहरुले आफनो क्षमता र दक्षता विकास गरी भोलिका दिन सजिलै रोजगारी वा स्वरोजगार बन्ने अवसर प्राप्त गर्न सक्ने भएकाले विद्यार्थीको रोजाइमा यो कार्यक्रम परेको हो । ४ वर्षको बिसिआइएस अध्ययन पूरा गरेपछि विद्यार्थीहरुले एमसिआइएस, एमबिए आइटी वा एमबिए अध्ययनका लागि देश र विदेशमा अवसर पाउन सक्छन् ।

**बिसिआइएस अध्ययनका लागि पिसिएम नै रोज्नुपर्ने कुनै कारण छ ?**
यस कलेजले पोखरा विश्वविद्यालयबाट सन् २००२ मा सम्बन्धन प्राप्त गरी बिबिए र बिसिआइएस कार्यक्रम सञ्चालन गरिरहेको छ । पिसिएम उत्कृष्ट व्यवस्थापन कलेज रहेको कुरा सबैलाई बिदितै छ । हाम्रा अनुभवी शिक्षक तथा प्रशिक्षकबाट सैद्धान्तिक तथा व्यवहारिक शिक्षालाई अंगाल्दै विभिन्न किसिमका प्रोजेक्ट वर्क, वर्कसप, सेमिनार, आइडिया कन्टेस्ट, प्रस्तुतिकरण, ग्रुप डिस्कसन, केस एनलाइसिस जस्ता विधिबाट विद्यार्थीले शिक्षा लिन पाउँछन् ।
हाम्रो शिक्षण प्रणालीको प्रभावकारिता हाम्रा विद्यार्थीको उपलब्धिबाट पनि अनुमान गर्न सकिन्छ । भर्खरैमात्र हाम्री छात्रा विनु श्रेष्ठ बिबिएतर्फ ३.९९ जिपिए प्राप्त गरी उपकुलपति पदक २०७८ बाट सम्मानित हुनुभएको छ । हरेक वर्ष पास प्रतिशत ९० प्रतिशतभन्दा माथि छ भने जसमा १० प्रतिशत विद्यार्थी डिन लिस्टमा पर्न सफल हुने गरेका छन् । विभिन्न बैंक तथा वित्तीय संस्था, अन्य संस्था लगायत आइटी कम्पनीका इन्टर्नसिपमा हाम्रा विद्यार्थीले प्रस्तुत गरेको दक्षता र क्षमता गर्व गर्न लायक छ । हाम्रो अर्को हाम्रो विशेषता भनेको विद्यार्थी मैत्री शिक्षण सिकाइ वातावरण हो । जसमा विद्यार्थी भाइबहिनीले विभिन्न खालका अतिरिक्त क्रियाकलाप आयोजना गरी आफनो क्षमता अभिवृद्धि गर्ने गरेका छन् । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वर्कसप, सेमिनारहरुमा समेत भाग लिने गरेका छन् । यसै कारणले विद्यार्थी एवं अभिभावकको प्राथमिकतामा पिसिएम परेको हो ।

**यो कोर्स अध्ययन गर्ने विद्यार्थीलाई कलेजले छात्रवृतिको के कस्तो व्यवस्था गरेको छ ?**
पोखरा विश्वविद्यालयले नै छात्रवृत्ति परीक्षा उत्तीर्ण गरेका विद्यार्थीमध्ये ५ जनालाई छनौट गरी कलेजमा पठाउने गर्दछ । यस कलेजले पनि गरिब तथा जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्तिका केही सिट व्यवस्था गर्ने गरेको छ ।
यो कार्यक्रममा भर्ना भएका पहिलो ब्याचका विद्यार्थीले ४ वर्ष कोर्ष पूरा गरिसकेका छन् । हालसम्म ५० प्रतिशत विद्यार्थी विभिन्न आइटी कम्पनी र बैक तथा वित्तीय संस्थामा आवद्ध भइसकेका छन् । यो कोर्स पास गरेका विद्यार्थी भाइबहिनीले बैंक तथा वित्तीय संस्था, आइटी कम्पनी, सरकारी, गैरसरकारी, प्राइभेट कम्पनीमा आइटीसम्बन्धी काम गर्ने अवसर पाउने गरेका छन् ।

# मुख्य दल गुलाम भए: लिङ्देन

**राकेश शर्मा**
म्याग्दी, ३० भदौ




राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) अध्यक्ष राजेन्द्र लिङ्देनले नेपालका तीन मुख्य राजनीतिक दल विदेशी शक्तिको गुलाम भएको आरोप लगाएका छन् । एमाले, कांग्रेस र माओवादीका कारण नेपाल विदेशीको रणनीतिक प्रतिस्पर्धास्थल बनेको उनले आरोप लगाएका हुन् ।

देश र जनताको हितमा भन्दा पनि विदेशीको हितका लागि काम गरिरहेको उनको भनाइ छ । 'देशका लागि काम गरेको भए सायद अहिले लाखौं युवा परिवारको पेट पाल्न विदेश जानु पर्दैन्थ्यो,' उनले भने, 'अब देश बचाउन र बनाउन राप्रपालाई मतदान गर्न आग्रह गर्दछु ।'

राप्रपाले मंगलबार बेनीमा आयोजना गरेको पार्टी प्रवेश कार्यक्रम तथा आमसभालाई सम्बोधन गर्दै लिङ्देनले संविधान, नीति, कानुन निर्माणदेखि गठबन्धन, सरकार बनाउन विदेशी शक्ति राष्ट्रले हस्तक्षेप गरेकोसमेत बताए । 'आन्तरिक एकता बलियो नभएका कारण नेपाल शक्ति राष्ट्रहरूको रणनीतिक प्रतिस्पर्धास्थलजस्तो बनेको छ,' उनले भने, 'नेतृत्वको असक्षमताका कारण यहाँको निर्णय गर्ने शक्ति विदेशीको हातमा पुगेको छ ।'

> **'नेतृत्वको असक्षमताका कारण यहाँको निर्णय गर्ने शक्ति विदेशीको हातमा पुगेको छ'**

भ्रष्टाचारलाई सामान्य मान्दा देशमा जनताले दुःख पाएको जनाउँदै उनले नेता र नेतृत्व सुधार्न जनता जागरुक बन्नुपर्नेमा जोड दिए । विगतका निर्वाचनमा सही नेता र पार्टीलाई नेतृत्वमा पुऱ्याउन नसक्दा युवा रोजीरोटीका लागि विदेश जान बाध्य भएको उनको भनाइ छ ।

अध्यक्ष लिङ्देनले राजनीतिक नेतृत्व पुस्तान्तरण नभएसम्म परिवर्तन र विकास सम्भव नभएको दाबी गरे । धेरैपटक अवसर पाइसकेका र परीक्षण भइसकेका नेतृत्वबाट देशको समस्या समाधानको सम्भावना नभएको उनको तर्क छ । उनले भने, 'पुराना नेतृत्वसँग सुन्ने र सक्किनेमात्र विकल्प बाँकी छ । असफल नेतृत्वलाई अवसर दिँदा नागरिकले दुःख पाएका हुन्, अब यसपटक र एकपटक राप्रपालाई हेर्नुहोस् ।'

राप्रपाको पछिल्लो महाधिवेशनबाट नेतृत्व हस्तान्तरणको थीति बसाएको बताउँदै लिङ्देनले गत स्थानीय तह चुनावमा धरान र काठमाडौंका नागरिकले ठूला दलको विकल्प रोजेर सच्चिने सन्देश दिएको सुनाए ।

कार्यक्रममा राप्रपाका नेता भीमप्रसाद गौचन, जगतप्रसाद गौचन लगायतले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीसहितको व्यवस्था, पहिचानका लागि धार्मिक स्वतन्त्रता सहितको हिन्दू राष्ट्र घोषणा गर्नुपर्ने बताए ।

# वक्तृत्वमा करिना प्रथम

**समाधान संवाददाता**
पोखरा, ३० भदौ



कास्कीको रूपा गाउँपालिका २ स्थित शिवालय माविकी करिना ओझा वक्तृत्वकला प्रतियोगितामा प्रथम भएकी छ । बुधबार रूपा गाउँपालिकाले ५८ औं बाल दिवसको अवसरमा आयोजना 'शिक्षा क्षेत्रको विकासमा स्थानीय तहको भूमिका' विषयक वक्तृत्वकलामा उनी अबबल साबित भएकी हुन् ।

यसअघि गोनेसा नेपाल र पुष्पकमल सुवेदी स्मृति प्रतिष्ठानद्वारा रूपा गाउँपालिकाभित्रका विद्यालयका बीच भएको वक्तृत्वकला प्रतियोगितामा पनि उनी प्रथम बनेकी थिइन् । उनी शिवालय बाल क्लबकी अध्यक्ष हुन् ।

बाल दिवसका अवसरमा आयोजित सो प्रतियोगितामा रामकोट माविकी सजिता अधिकारी, अरुणोदय आविका विश्वास विक र विश्वशान्ति माविकी सफलता हायु राई क्रमशः दोस्रो, तेस्रो र सान्त्वना बने ।

बाल दिवसकै अवसरमा रूपा गाउँपालिकाभित्रका विद्यालयबाट २०७८ को एसइई परीक्षामा सम्मिलित परीक्षार्थीमध्ये सर्वोकृष्ट अंक ल्याउनेलाई जनही ५ हजार रुपैयाँ नगदसहित सम्मान गरिएको छ । शिवालय माविका धीरज सुनार छात्रतर्फ र सोही विद्यालयकी कृति ओझाले छात्रातर्फ यो सम्मान पाएका छन् ।

धीरजसँगै छात्रतर्फ समान ३.२५ जिपिए ल्याउने विश्वशान्ति माविका आदर्श घिमिरे पनि पुरस्कृत भएका थिए । यसअघि पनि शिवालयकै छात्र-छात्रा दुवैतर्फ पुरस्कृत भएका थिए ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्तोष ढुंगाको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका अध्यक्ष नवराज ओझाले शिक्षाका क्षेत्रमा पढाइका अलावा विद्यार्थीको प्रतिभा प्रस्फुटनमा पनि गाउँपालिकाले प्रयास गर्दै आएको बताए । कार्यक्रममा शिक्षा शाखा प्रमुख सन्दीप पौडेल, बृहस्पति अधिकारी, सीता सापकोटा, मनोज

# माउन्ट अन्नपूर्णमा बाल दिवस



**समाधान संवाददाता**
पोखरा, ३० भदौ

माउन्ट अन्नपूर्ण सेकेन्डरी स्कुल, नदीपुरमा बाल दिवस मनाइएको छ । दिवसमा नर्सरीदेखि कक्षा १० सम्मका विद्यार्थी विभिन्न क्रियाकलापमा संलग्न भए ।

नृत्य, गायन, कविता वाचन जस्ता सिर्जनात्मक प्रतियोगिता विद्यालयमा भएका छन् । सँगसँगै शिक्षकहरुले पनि नृत्य र कविता वाचन गरी विद्यार्थीलाई उत्प्रेरित गरेका छ । सो अवसरमा कक्षागत रुपमा अंग्रेजी निबन्ध लेखन प्रतियोगिता पनि भएको छ ।

विद्यालयका अध्यक्ष सुरजप्रकाश प्रधानांगको अध्यक्षतामा भएको कार्यक्रममा प्राचार्य सइन्द्रराज श्रेष्ठले बाल अधिकारको महत्व र बाल्यावस्थाबारे प्रकाश पारे । एकेडेमिक इन्चार्ज ध्रुव पोखेलले बालबालिकाको प्रतिभा उजागर गर्न विद्यालयसँगसँगै घर, परिवार र समाजको ठूलो भूमिका हुने जनाए ।

# अमरज्योति गाउँफर्कमा अभिभावक भेला

**समाधान संवाददाता**
लेखनाथ, ३० भदौ

अमरज्योति गाउँफर्क माध्यामिक विद्यालय पोखरा २६ जल्धारेमा बिहीबार अभिभावक भेला भएको छ । विद्यालय व्यवस्थापन समिति गठन गर्ने उद्देश्यले भएको भेलाबाट सूर्यप्रकाश बञ्जरा, विष्णुमाया तिमिल्सेना र तुलसीप्रसाद भण्डारी सदस्य चयन भएका छन् ।

शिक्षा नियमावलीमा अभिभावक भेलाबाट छनौट भएका १ महिलासहित ३ जना, वडा शिक्षा समितिले मनोनित गरेका २, शिक्षक अभिभावक संघका प्रतिनिधि, स्थानीय वडापालिकाका अध्यक्ष वा तोकिएको प्रतिनिधि सहितको विद्यालय व्यवस्थापन समिति गठन हुने व्यवस्था छ ।



भेलामा पोखरा २६ का वडाध्यक्ष नरेन्द्र थापाले सामुदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाएर शिक्षाको गुणस्तर सुधार गर्नुपर्नेमा जोड दिए । उनले पछिल्लो समय गुणस्तरिय शिक्षा दिएका सामुदायिक विद्यालयमा विद्यार्थीको चाप बढ्दै गएको उल्लेख गरे । वडा सदस्य सुदीपराज ढुंगानाले शिक्षा क्षेत्रको सुधारका लागि अभिभावक उत्तरदायी र शिक्षक जवाफदेयी हुनुपर्ने बताए ।

पोखरा महानगरपालिका शिक्षा महाशाखाका प्रतिनिधि विश्वराज आचार्यको संयोजकत्वमा भएको भेलामा वडा सदस्यहरु तीर्थबहादुर राजभाट र लक्ष्मीदेवी भट्टराई, नेपाली कांग्रेस वडा नं २६ इकाई सभापति शिवबहादुर रानाभाट, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष झलकपाणि तिवारी, विद्यालयका प्रधानाध्यापक दामोदर सापकोटा र शिक्षक मनोहरि भण्डारी लगायतले बोलेका थिए ।


## वर्गीकृत विज्ञापन डिस्प्ले

**neo बम्पर उपहार**
FILTER | SOLAR WATER HEATER | GAS HOB | CHIMNEY
हरेक NEO Appliance को खरिदमा Scratch Sure-Shot Discount / Cashback Offier र १ जना भाग्यशाली Customer लाई Scooter जित्ने अवसर ।
खरिदका लागि सम्पर्क :
पायोनियर इन्टरनेशन ट्रेडिङ
पोखरा–११, रानीपौवा । ९८५६०२५३७०

**मोबाइल पसल बिक्रीमा**
न्यूरोडको प्राइम लोकेशनमा चालु अवस्थामा रहेको ***मोबाइल पसल*** विशेष कारणबस बिक्रीमा छ ।
सम्पर्क:
९८०६६-७७०७२

**लेकसाइडको क्याफे बिक्रीमा**
लेकसाइडको सेन्टर प्वाइन्ट स्थित चालु अवस्थाको क्याफे विशेष कारणबस तु-बिक्रीमा छ ।
सम्पर्क:
98161-84166
98122-68792

**तुरुन्त बिक्रीमा**
पोखरा स्थित अति व्यस्त ***रेष्टुरेन्ट तथा पार्टी प्यालेस*** लामो भाडा सम्झौतासहित तुरुन्त बिक्रीमा छ । इच्छुकले मात्र सम्पर्क राख्नुहोला । मूल्य आपसी समझदारीमा हुनेछ ।
*सम्पर्क समय: बिहान ८ बजे देखि बेलुका ८ बजेसम्म ।*
९८०६६-२२२४२
जीवन शर्मा

**पोखरा मोबाईल टावर**
व्यवसायिक प्रयोजनका लागि सटर भाडामा उपलब्ध छ ।

उदयबहादुर के.सी. (लाहुरे दाई)
प्रोभिजन स्टोर्स, गेम हाउस, सहकारी तथा बैंक QFS Hall, Institute & Consultancy लगायत सबै व्यवसायका लागि अति उपयुक्त ठाउँ। पार्किङ, लिफ्ट तथा वाइफाईको सुविधा भएको।
सम्पर्क:
९८५६०४८०८२, ९८४६१४८०८२
गण्डकी प्रदेशकै ठूलो मोबाईल सेन्टर, पोखरा मोबाईल टावर

**घडेरी बिक्रीमा**
पोखरा-२७, तालचोक नजिकै हमालचोकदेखि लक्ष्मी मा.वि. जाने पिच बाटोमा पर्ने ३६X३९ हातको घडेरी तु-बिक्रीमा छ ।
सम्पर्क:
९८१६६-१०३५७

**खाजाघर बिक्रीमा**
पोखरा-१२, ढिकालेथर स्थित ***खाजाघर*** विशेषकारणबस तु-बिक्रीमा छ ।
*मूल्य रू. १ लाख ५० हजार मात्र ।*
सम्पर्क:
9826645553
9819137083

We Accept
fonepay
Samadhan Media Pvt. Ltd.
eSewa

# १९९ जनाले पाए निस्सा

समाधान संवाददाता
पोखरा, ३० भदौ



पोखरा महानगरपालिकाका सबै वडामा भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण थालिएको छ । पोखरा महानगरपालिका र राष्ट्रिय भूमि आयोग कास्कीको संयुक्त आयोजनामा बुधबार एक कार्यक्रमका बीच महानगरका १६ वटा वडाका १ सय ९९ जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण गरियो ।

मेयर धनराज आचार्य, उपमेयर मञ्जुदेवी गुरुङ र राष्ट्रिय भूमि आयोग कास्की अध्यक्ष गंगा पोख्रेल नेतृत्वले निस्सा वितरण गरेका हुन् । मेयर आचार्यले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले प्राप्त गरेको निस्सा लालपुर्जा पाउनु अगाडिको लालपुर्जा नै भएको बताए । 'यो सरकारी छाप लगाएको लालपुर्जा पाउनु अगाडिको लालपुर्जा नै हो,' उनले भने, 'यो कागज नपाउनेले लालपुर्जा पाउदैनन् । लालपुर्जा पाउनका निस्सा महत्वपूर्ण छ ।' उनले यसलाई लालपुर्जा जत्तिकै महत्वका साथ लिन अनुरोध गरे ।

पोखरा सभागृहमा भएको कार्यक्रममा वडा नम्बर १, ३, ७, ८, १०, ११, १६, १८, १९, २२, २३, २४, २८, २९ र ३१ का प्रतिनिधिमूलक रूपमा १ सय ९९ जना भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई निस्सा वितरण गरिएको हो । यसअघि महानगरका ६, ९, १४, २५, ३२ र ३३ मा निस्सा वितरण गरिसकिएको छ ।

पोखरा महानगरपालिकामा १९ हजार ८ सय ५६ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासी सूचीकृत छन् । उनीहरूमध्ये ७ हजार बढी निस्सा वितरणका लागि राष्ट्रिय भूमि आयोगको केन्द्रीय सर्भरमा सूचीकरण भइसकेका छन् । बाँकी सूचीकरणको क्रममा छन् ।

## ट्रकले किचेर चालकको मृत्यु

जोमसोम, ३० भदौ (समाधान)-राष्ट्रिय गौरवको बेनी-जोमसोम सडक खण्डको थासाङ गाउँपालिका ४ तल्लो घाँसामा ट्रक दुर्घटना हुँदा चालकको घटनास्थलमै मृत्यु भएको छ ।

बुधबार दिउँसो मुस्ताङबाट स्याउ लिएर पोखरातर्फ जाँदै गरेको ग१ख ४१७७ नम्बरको तल्लो घाँसा नजिकको सडकमा अनियन्त्रित भई पल्टिएको हो । दुर्घटनामा ट्रकका चालक सोलुखुम्बु सल्लेरीका २९ वर्षीय कुमार तामाङको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

ओरालो सडकमा ट्रक अनियन्त्रित भई बाटोमै पल्टिदा ट्रकले च्यापिएर चालक तामाङको घटनास्थलमै मृत्यु जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी गोपीकृष्ण सुवेदीले जानकारी दिए । मुस्ताङमा भदौ २५ देखि स्याउ टिप्न थालिएको छ ।

## पूर्व वडाध्यक्ष पौडेलको निधन



पोखरा, ३० भदौ (समाधान) - अहिले पोखरा महानगरपालिका वडा नं १९ मा पर्ने साबिक लामाचौर गाविस ८ घार्मीका पूर्व वडाध्यक्ष टीकाराम पौडेलको निधन भएको छ । उनी २०५४ को स्थानीय निर्वाचनमा नेकपा एमालेबाट चुनिएका थिए ।

पौडेलको ८१ वर्षमा बुधबार राति आफ्नै निवासमा निधन भएको हो । लामो समयदेखि फोक्सोको क्यान्सरबाट पीडित पौडेलको बिहीबार बिहान गोस्ते घाटमा हिन्दू परम्परा अनुसार अन्त्येष्टि गरिएको छ । पौडेललाई श्रद्धाञ्जली अर्पण गर्न एमाले नेता जगत विश्वकर्मा, गण्डकी प्रदेश सरकारका अर्थमन्त्री रामजी बराल, एमाले नेता दामोदर वैरागी, निवर्तमान वडाध्यक्ष शोभामोहन पौडेल, माओवादी केन्द्रका नेता भीम विश्वकर्मा लगायत पुगेका थिए । पौडेलका श्रीमती, २ छोरा, २ बुहारी २ नाती, २ नातिनी र १ पनाति छन् ।

## वक्तृत्वकलामा कृति प्रथम

समाधान संवाददाता
पोखरा, ३० भदौ

५८ औं राष्ट्रिय बाल दिवसको अवसरमा पोखरामा सञ्चालनमा रहेका बाल गृहका बालबालिकाबीचको वक्तृत्वकला प्रतियोगिता भएको छ । पोखरा महानगरपालिका सामाजिक विकास महाशाखाको आयोजनामा भएको बालमैत्री समाजको आधार, जिम्मेवार परिवार, उत्तरदायी सरकार विषयक प्रतियोगितामा कृतिका ढकाल प्रथम बनिन् । सिजना शर्मा दोस्रो र आशा नेपाली तेस्रो भए । बबिता थामामगर, समिरा विक, विपना स्याङ्तान र निशान परियार सान्त्वना बने । प्रथमले ५ हजार, द्वितीयले ३ हजार, तृतीयले २ हजार र सान्त्वनाले जनही १ हजार पुरस्कार पाएका छन् । कार्यक्रममा विजेता बालबालिकालाई पोखरा महानगरकी उपप्रमुख मञ्जुदेवी गुरुङ, सामाजिक विकास महाशाखा प्रमुख निर्मला शर्मा लगायतले नगदसहित प्रमाणपत्र वितरण गरे ।

प्रतियोगिताका निर्णायकमा रामहरि ढुंगाना, केशव पौडेल र बद्री आचार्य थिए ।

## नवप्रभात माविको वार्षिकोत्सव

समाधान संवाददाता
पोखरा, ३० भदौ

नवप्रभात माध्यमिक विद्यालय पोखरा ९ नयाँबजारको ५४ औं वार्षिकोत्सव, अभिभावक दिवस तथा पुरस्कार वितरण समारोह बुधबार भएको छ ।

कार्यक्रममा पोखरा ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले गुणस्तरीय शिक्षाका लागि शिक्षकहरु प्रतिबद्ध हुनुपर्ने औंल्याए । पोखरा महानगरपालिका शिक्षा महाशाखाका विद्यालय निरीक्षक जीवनप्रसाद रेग्मीले सामुदायिक विद्यालयमा सरकारको ठूलो लगानी रहेको उल्लेख गर्दै आफ्नो कर्तव्यप्रति जवाफदेही बन्न शिक्षक तथा अभिभावकलाई सुझाव दिए ।

त्यस अवसरमा भूतपूर्व अध्यक्ष गोविन्दध्वज श्रेष्ठ, भूतपूर्व प्रधानाध्यापक नरबहादुर गुरुङ, विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष प्रीति पाण्डे, सहारा आधारभूत विद्यालयका प्रधानाध्यापक लोचना अधिकारी, सल्लाहकार उत्तम जोशी, विद्यार्थी सुरेन्द्र पौडेल लगायतले बोलेका थिए ।

प्रधानाध्यापक मायाकुमारी थापाले विद्यालयको समग्र अवस्थामाथि प्रकाश पार्दै आइसिटीलाई विस्तार गर्ने, विद्यालय हाताभित्र सरस्वती मन्दिर निर्माण गर्ने साथै १० जोड २ कक्षा सञ्चालनका लागि भवन निर्माण गर्ने योजना सुनाइन् । उनले सुरक्षा संवेदशीलताका कारण विद्यालयपछाडि सेती नदीतर्फको भागमा तारबार गर्नुपर्ने, कार्यक्रम सहजताका लागि सभाहलमा जिप्सन राख्नुपर्ने आवश्यकता उल्लेख गरिन् । कार्यक्रममा विद्यार्थी सोनिया नेपाली, प्रमिशा कार्की, नमूना भट्टराई, सरिना रानाभाट, विवेक गुरुङ, अमृता पौडेललयायतको नेतृत्वमा विभिन्न प्रस्तुति गरिएको थियो । उत्कृष्ट शिक्षकबाट ममता गुरुङ सम्मानित भइन् भने शैक्षिक तथा खेलकुद विद्यातर्फका विभिन्न पुरस्कार पनि वितरण गरियो ।

## जनप्रियमा स्वागत

पोखरा, ३० भदौ (समाधान) - जनप्रिय मावि सिमलचौरमा कक्षा ११ का नवआगन्तुक विद्यार्थीको स्वागत गरिएको छ । विद्यार्थीलाई पोखरा ८ का वडाध्यक्ष रुद्रनाथ बराल, विद्यालय प्रधानाध्यापक देवीप्रसाद बस्ताकोटी, प्रात: कार्यक्रम संयोजक ईन्द्रबहादुर थापा, पूर्व विद्यार्थी मञ्च अध्यक्ष सरोजनारायण बराल लगायतले शैक्षिक सफलताको कामना गरे ।

कार्यक्रममा कक्षा १२ र एसइईमा उत्कृष्ट नतिजा प्राप्त गर्ने छात्र सौगात भुसाल र छात्रा अस्मिता ढुंगानालाई मायाको चिनो प्रदान गरिएको थियो । कक्षा १२ की छात्रा सविता पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा शिक्षक श्रीकान्त पौडेलले पनि बोलेका थिए ।

## रुपाका शिक्षकलाई कम्प्युटर तालिम

समाधान संवाददाता
पोखरा, ३० भदौ

असल छिमेकी सहयोग संघ (गोनेसा) पोखराले कास्कीको रुपा गाउँपालिकाका सामुदायिक विद्यालयका शिक्षकलाई कम्प्युटर साक्षरता तालिम दिएको छ । सामुदायिक विकास परियोजना अन्तर्गत शिक्षकलाई प्रविधिमैत्री बनाउने उद्देश्यले तालिम दिइएको संस्थाका कार्यकारी निर्देशक शिवराज शर्माले जानकारी दिए ।

तालिममा कम्प्युटर सञ्चालनको आधारभूत सिद्वान्त र अपरेटिङ सिस्टम, अन्य सफ्टवेयरको प्रयोग, नेपाली टाइपिङ लगायतका विषयमा सहजीकरण गरेको प्रशिक्षक सागर वाग्लेले बताए । कार्यकारी निर्देशक शर्माले संस्थाले रुपाको कालिका, रुपाज्योति, चन्द्रप्रभा माध्यमिक विद्यालय, देउराली आधारभूत विद्यालयका ७७ शिक्षकलाई कम्प्युटर तालिम दिएको जनाए ।

रुपा गाउँपालिका वडा नम्बर १का वडा सदस्य रामबाबु खनालले शिक्षकको शिक्षण सिकाई प्रक्रियामा सूचना सञ्चार तथा प्रविधिको पर्याप्त प्रयोग गरी गुणस्तरीय र समय सापेक्ष शिक्षा दिन तालिमले सहयोग गरेको उल्लेख गरे । शिक्षक साना श्रेष्ठले हरेक विद्यालयको पाठ्यक्रममा कम्प्युटर विषय समावेश भएको अवस्थामा विद्यार्थीलाई कम्प्युटर सिकाउन र पढाउन तालिम उपयोगी भएको बताइन् ।

कार्यकारी निर्देशक शर्माले रुपा गाउँपालिका, जर्मन सहयोग संघ, काल कुबेल स्टिफ्टुंग, गोनेसा पोखराका साझेदारीमा सञ्चालित कार्यक्रम अन्तर्गत रुपाका जनता र कालिका माध्यमिक विद्यालय, अरुणोदय र देउराली आधारभूत विद्यालयका कम्प्युटर प्रयोगशाला स्थापना गरिएको बताए । बालबालिकाका लागि सिर्जनात्मक एवं गुणस्तरीय शिक्षाको अलावा सामुदायिक विद्यालयका विपन्न तथा गरिब विद्यार्थीका अभिभावकलाई आयआर्जनका कार्यक्रममा जोडिएको उनले उल्लेख गरे ।

सामुदायिक विकास कार्यक्रम रुपा गाउँपालिकाको १५ सामुदायिक विद्यालयमा सञ्चालित छ ।

## रामबजारमा सरसफाई

समाधान संवाददाता
पोखरा, ३० भदौ




पोखरा १० रामबजार कालिका मावि सरसफाई क्लब र सफा पोखरा हाम्रो अभियानले बुधबार सरसफाइ गरेको छ ।

वडा सदस्य सुनीमाया नेपाली, विद्यालय व्यावस्थापन समितिका अध्यक्ष दीपकबहादुर थापा, सफा पोखरा हाम्रो अभियानका अध्यक्ष बासुदेव अधिकारीले सरसफाई कार्यक्रमका संयोजक समरबहादुर श्रेष्ठलाई सरसफाई सामग्री हस्तान्तरण गरे ।

टोल विकास समिति, राम मन्दिर आमा समूह, रेडक्रस उपशाखा, रामबजार मगर संघ, कामना आमा समूह, भीमसेन टोल विकास समिति, ज्येष्ठ नागरिक मिलन केन्द्र, उत्तम मार्ग आमा समूहको नेतृत्वमा स्थानीयको सहभागितामा स्वच्छ, हराभरा पोखरा बनाउने उद्देश्यले सरसफाई अभियान सुरु गरिएको हो ।

आफ्नो टोल, बाटो, गल्ली, सडक सफा राखेमात्र स्वस्थ भइने कुरा वडाबासीले बुझ्नु आवश्यक रहेको संयोजक श्रेष्ठले बताए ।

अभियानका अध्यक्ष अधिकारीले पोखरालाई सफा, स्वच्छ, फोहोर मैला विहीन बनाई मानव जीवनलाई स्वस्थ र निरोगी बनाउने, अन्तर्राष्ट्रिय जगतमा पोखराको शिर उच्च राख्न सहयोग गर्ने उद्देश्यले अभियान सुरु गरिएको बताए । वडाबाट जनप्रतिनिधि सहभागिता गराउनुबाहेक अरु कुनै पनि सहयोग नपाइएको उनको भनाइ छ ।

वडा सदस्य नेपालीले संस्थाले राम्रो कामको थालनी गरेको प्रति खुसी व्यक्त गर्दै आगामी दिनमा स्थानीय सरकारबाट साथ र सहयोग रहने बताइन् ।

स्थानीय चन्द्रा गर्बुजा र पुन माछापुच्छ्रे महिला समूहले ५/५ हजार संस्थालाई सहयोग गरेका थिए । कालिका पब्लिक कलेजका शिक्षक सुनिता बस्नेतले १ हजार सहयोग गरेकी थिइन् ।

विद्यालय व्यावस्थापन समिति अध्यक्ष थापाले आफ्नो ठाउँ सफा राख्न स्थानीय सरकारको मुख ताकिराख्नु नपर्ने बताए । कार्यक्रमको अध्यक्षता वडा सदस्य नेपालीले गरेकी थिइन् भने । कार्यक्रममा शिक्षक ज्ञानबहादुर थापाले समेत धारणा राखेका थिए ।

## जसपा तमुवानको प्रशिक्षण

समाधान संवाददाता
लेखनाथ, ३० भदौ

जनता समाजवादी पार्टी तमुवान राष्ट्रिय समितिको प्रथम बैठक तथा प्रशिक्षण कार्यक्रम मंगलबार भएको छ । कार्यक्रममा पूर्वमन्त्री तथा जसपा केन्द्रीय कार्यकारिणी सदस्य एवं गण्डकी प्रदेश इन्चार्ज शिवलाल थापामगरले जातीय पहिचानसहितको संघीयता जरुरी भएको बताए ।

पहिचान र सामर्थ्यको आधारलाई टेकेर शासकीय स्वरुप र राज्यको पुनर्संरचना गरिनुपर्ने बताउँदै थापाले अहिलेको संविधान अपूरो रहेकाले यसलाई पूर्णता दिइनुपर्ने तर्क गरे । पार्टीका राज्य समिति सदस्य एवं तमुवान राज्य समिति इन्चार्ज रुद्रबहादुर गुरुङले यथास्थितिवादीले 'फुटाउ र शासन गर'को सिद्धान्त अनुरुप तमु जातिको एकता बिथोल्ने गरेको आरोप लगाए ।

कार्यक्रममा राज्य समिति सदस्य एवं मगरात राज्य समितिका सहइन्चार्ज निर्मल जिसी, जसपा राजनीतिक समिति सदस्य तथा गण्डकी प्रदेश संयोजक धनप्रसाद तामाङ, केन्द्रीय सदस्य याममाया पुन मगर, समाजवादी विद्यार्थी युनियन गण्डकीका अध्यष विषम भुजेल, केन्द्रीय सदस्य उमा गुरुङ र चन्द्र तामाङ 'मुस्कान'ले बोलेका थिए ।

कार्यक्रम जनता समाजवादी पार्टी तमुवान राष्ट्रिय समितिका अध्यक्ष मनबहादुर गुरुङको अध्यक्षतामा भएको थियो ।

हार्दिक बधाई


श्री वीर बहादुर कार्की


श्री कुशुम केशव पराजुली

यस **माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि.** का अध्यक्ष **डा. वीर बहादुर कार्कीज्यू** हालै सम्पन्न **नेपाल भारत मैत्री संघ**को **तेस्रो अधिवेशन**बाट अध्यक्ष जस्तो गरिमामय पदमा र निवर्तमान अध्यक्ष **श्री कुसुम केशव पराजुलीज्यू** सदस्य पदमा निर्विरोध निर्वाचित हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**माछापुच्छ्रे बचत तथा ऋण सहकारी संस्था लि. परिवार**
पोखरा- ८, न्यूरोड (दमकलमार्ग)
शाखा कार्यलय : पोखरा - २७, तालचोक

PAN No : 303348720
Regd No: 140/056/057

**फेवा बचत तथा ऋण सहकारी संस्था लि.**
FEWA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.
प्रधान कार्यालय: पोखरा-५, जिरो कि.मी, फोन नं.: ०६१-५२३३७५, ५२२२३६

**२३ औं वार्षिक साधारण सभा सम्बन्धी सूचना !**

यस **फेवा बचत तथा ऋण सहकारी संस्था लिमिटेड**को मिति २०७९ साल भाद्र ०१ गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार संस्थाको **२३ औं वार्षिक साधारण सभा** तपशिलका विषयवस्तु उपर छलफल र निर्णय गर्न बस्ने भएको र सोहि दिन नवनिर्मित फेवा सहकारी भवन तथा प्रधान कार्यालयको राष्ट्रिय सहकारी बैंक लि. का अध्यक्ष **के.वी. उप्रेती ज्यू** बाट समुद्घाटन गर्ने कार्यक्रम भएकोले तपशिलको मिति, समय र स्थानमा उपस्थित हुनको लागि सदस्यहरुको ठेगनामा विभिन्न माध्यमबाट सूचना सम्पेषण भईरहेको छ । कुनै कारण बस पत्र वा जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी यहाँको अनिवार्य उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ । उपस्थित हुँदा शेयर सदस्य मात्र हुनुहोला । प्रतिनिधि आउने भएमा अग्रिम जानकारी गराउनुहोला ।

**क) छलफलका विषयहरु:**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
२. लेखा समितिको तर्फबाट तयार गरिएको वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
३. आ.व. २०७८/०७९ को लेखा परिक्षणको प्रतिवेदन प्रस्तुत र पारित गर्ने ।
४. आ.व. २०७९/०८० को वार्षिक कार्यक्रम तथा बजेट प्रस्तुत र पारित गर्ने ।
५. आ.व. २०७९/०८० को लागि लेखा परिक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने ।
६. आ.व. २०७८/०७९ को शेयर लाभांश एवं संरक्षित पूँजी फिर्ता कोष वितरण सम्बन्धमा ।
७. सदस्यहरुको सुझाव एवं जिज्ञासाको समष्टिगत प्रस्तुतिकरण ।
८. नीति, निर्देशिका र कार्यविधिहरु पारित तथा संशोधन गर्ने सम्बन्धमा ।
९. सधारण सभाको निर्णय पुस्तिकामा प्रमाणित गर्न प्रतिनिधि छनौट गर्ने ।
१०. विशेष प्रस्तावहरु सम्बन्धमा ।

**ख) साधारण सभा तालिका (मिति, समय र स्थान):**

| | |
|---|---|
| **मिति** | **२०७९ आश्विन ३ गते, सोमबार।** |
| **समय** | **बिहान ८:०० बजे।** |
| **स्थान** | **ह्वाईट हाउस पार्टी प्यालेस, पोखरा-८, सृजनाचोक** |
| **सम्पर्क नं :** | **९८५६०१२४४६, ९८४६४३४२६६, ९८५६०२२७५०** |

- वार्षिक साधारण सभाको लागि सदस्यहरुको नाम दर्ता र सुझावहरु पेश गर्न साधारण सभा स्थलमा उपस्थित हुँदा स्वास्थ्य सम्बन्धी मापण्डहरु जस्तै: अनिवार्य रुपमा भौतीक दुरी कायम गर्ने, मास्क तथा सेनिटनइजरको प्रयोग गरि व्यवस्थापनमा सहयोग गरि दिनुहुन अनुरोध छ ।
- सदस्यहरुले साधारण सभामा विशेष प्रस्ताव र प्रतिवेदन उपर आफ्ना जिज्ञासा राय तथा सुझाब भएमा सो समेत समेट्ने गरी प्रतिवेदनको अन्तिम पानामा भएको सदस्य सहभागीता फारममा आफ्नो सुझाब भरी मिति २०७९ साल आश्विन १ गते भित्र पोखरा -५, जिरो किलोमिटर स्थित संस्थाको प्रधान कार्यालयमा कार्यालय समय भित्र राखी सक्नु पर्ने छ ।
- वार्षिक साधारण सभा व्यवस्थित बनाउने दायित्व सदस्य स्वयंको समेत भएकोले व्यवस्थापनमा आवश्यक सहयोग गर्नुहुने छ ।
- वार्षिक प्रतिवेदन मिति २०७९/०५/२४ गतेबाट संस्थाको कार्यालयमा आई लिन सक्नु हुने छ ।
- मासिक बचत नियमित नगर्नु भएका र सदस्य पहिचान फारम भर्न बाँकी सदस्यहरुले नियमित बचत गरि सदस्य पहिचान फराम **(KYM form)** भरी सहयोग गरिदिनुहोला । आफ्नो सम्पूर्ण वित्तिय कारोबार आफ्नै संस्थाबाट गर्ने बानी बसालौं ।
- माथि उल्लेखित विषयहरु भन्दा बाहेक अन्य जानकारी चाहिएमा संस्थाको कार्यालयबाट जानकारी प्राप्त गर्न सक्नु हुने छ ।

सञ्चालक समितिको आज्ञाले
**दिल बहादुर भट्टराई**
सचिव

**कर्मचारी आवश्यकता**

**यस पोखरामा औद्योगिक क्षेत्र भित्र रहेको एक प्रतिष्ठित उद्योगमा निम्न पदमा कर्मचारी आवश्यक परेको हुँदा यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा देहायका योग्यता र अनुभव पुगेका ईच्छुक नेपाली नागरिकले निम्न ईमेल मार्फत सम्पर्कका लागि अनुरोध छ ।**

| Post Title | Minimum Requirement | Salary range |
|---|---|---|
| **Account and Finance Officer** | MBS/MBA with three to seven years of relevant work experience. BBS/BBA with five to ten years of relevant work experience | As per the company policy. Salary is no bar for deserving candidate. |
| **Semi qualified CA** | CAP-II qualified | |

Interested candidates can submit their CV to **hrd@sujal.com.np** by **22nd September 2022.**

**जय भद्रकाली डेभलोपर्स प्रा.लि. प्रस्तावक रहेको सुर्योथान लक्जरियस् अपार्टमेन्टको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) को सार्वजनिक सुनवाईको लागि आव्हान गरिएको सूचना**

**प्रकाशित मिति: २०७९/०५/३१ गते**

गण्डकी प्रदेश, कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नं. १८ मा जय भद्रकाली डेभलोपर्स प्रा.लि.द्वारा प्रस्तावित सुर्योथान लक्जरियस् अपार्टमेन्ट आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीको सिलसिलामा स्थानीय बासिन्दा तथा सम्पूर्ण सबै सरोकारवाला व्यक्तिहरूलाई निम्न मिति, समय र स्थानमा हुने सार्वजनिक सुनवाई कार्यक्रममा उपस्थित भई राय सुझाव प्रदान गरिदिन हुन हार्दिक अनुरोध गरिन्छ ।

| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | आयोजक |
|---|---|
| मिति: २०७९/०६/०६ गते<br>समय: बिहान १०:०० बजे<br>स्थान: पोखरा महानगरपालिका वडा नं. १८ को कार्यालय | जय भद्रकाली डेभलोपर्स प्रा. लि.<br>ललितपुर म.न.पा.-१, कुपण्डोल<br>फोन न: ०१-५५२०२५४<br>इमेल: jaybhadrakalidevelopers12@gmail.com |

**मिवाजे खोला साना जलविद्युत आयोजना (४.९५ मे.वा.) को प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को सार्वजनिक सुनुवाई सम्बन्धी सूचना**

**प्रकाशित मिति: २०७९/०५/३१ गते**

कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिका, वडा नं. १ मा प्रस्तावित मिवाजे खोला साना जलविद्युत आयोजना (४.९५ मे.वा.) को वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी जानकारी गराउने उद्देश्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजना प्रभावित गाउँपालिका, वडा, विद्यालय, अस्पताल, स्वास्थ्य चौकी, स्थानीय संघ संस्था तथा सरोकारवाला व्यक्ति तथा निकायलाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई रायसुझाव उपलब्ध गराईदिन हुन अनुरोध गरिन्छ ।

| सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान | आयोजक |
|---|---|
| मिति: २०७९/०६/०७ गते<br>समय: बिहान ११:०० बजे<br>स्थान: माछापुच्छ्रे गाउँपालिका, वडा नं.१ को कार्यालय | श्री माँ दुर्गा काली हाइड्रोपावर कम्पनी प्रा. लि.<br>ललितपुर महानगरपालिका-१, कुपण्डोल, नेपाल<br>फोन नं.: ०१-५४२०२५४<br>इमेल: maadurga5mw@gmail.com |

का.जि.द.नं.८२/०५९/०६०, हु.द.नं.०२/०६९/७० कास्की



# पोखराका होटल, रेस्टुरा वर्गीकरण गरिने

**समाधान संवाददाता**
पोखरा, ३० भदौ



पोखरामा होटल तथा रेस्टुरेन्टको खाद्य स्वच्छता मूल्यांकन गरेर स्तरीकरण सुरु गर्ने भएको छ । खाद्य, प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय पोखराले होटल तथा रेस्टुरेन्ट स्तरीकरण थालनी गर्ने भएको हो । अति उत्तम, उत्तम, सन्तोषजनक र समान्य वर्गमा होटल, रेस्टुरेन्ट वर्गीकरण गरिने खाद्य, प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयका प्रमुख शिवजी बरालले जानकारी दिए ।

रेस्टुरेन्टको बर्गीकरणका लागि ५० प्रश्न रहेको प्रश्नावली बताइएको छ । अति उत्तम श्रेणीको होटेल रेस्टुराले ३ तारा र हरियो स्टीकर पाउनेछन् । यो लोगो पाउन होटेल रेस्टुराँले तोकिएको मापदण्डबमोजिम ९० भन्दा बढी अंक प्राप्त गर्नुपर्छ ।

उत्तम श्रेणीकाले २ तारा र हरियो स्टिकर पाउनेछन् । यो लोगो पाउन ८० भन्दामाथि ८९ सम्म अंक प्राप्त गर्नुपर्ने हुन्छ । सन्तोषजनकको लोगो पाउन ६० देखि ७९ बीचको अंक प्राप्त गर्नुपर्छ । यस्तो होटेल रेस्टुरेन्टले एउटा तारा र हरियो स्टिकर पाउँछन् । सामान्य श्रेणीको लोगोमा सामान्य लेखिएको हुनेछ । यसमा ५० देखि ५९ बीचको अंक प्राप्त गर्नुपर्छ ।

व्यवसायीले लोगोको प्रकृति बमोजिम प्रतिवद्धता जाहेर गरेरमात्र स्तरीकरण लोगो पाउनेछन् । यसरी दिइएको स्तरीकरणको स्टिकर १ वर्षका लागि मान्य हुनेछ । खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभागले तयार गरेको खाद्य स्वच्छताका आधारमा होटल, रेस्टुरेन्ट स्तरीकरण गर्नेसम्बन्धी निर्देशिका अनुसारको खाद्य स्वच्छता कायम नगर्ने व्यवसायीको लोगो प्रमाणपत्र जफत, परिवर्तन वा फिर्ता हुन सक्ने व्यवस्था छ ।

यो अभियानमा पृथ्वी चोकका १७ होटल एन्ड रेस्टुरेन्टले उत्तमको स्टिकर पाएका छन् । निरीक्षणमा मापदण्ड पूरा नभई सुधार गर्नुपर्ने भेटिएका होटललाई सुधार गर्न निर्देशन दिइने बरालले बताए ।

कामदारको व्यक्तिगत सरसफाइ, भान्छा, रेस्टुरेन्टमा बसेर खाने ठाउँ, भण्डारणसम्मको सरसफाइ हेरेर मूल्यांकन गरिने उनको भनाइ छ । खानामा दिइने गुणस्तर, खाना बनाउन प्रयोग गरिने तेल लगायत सामग्री के कस्तो छ भन्ने जाँच गरेर मूल्यांकन गरिनेछ । छिट्टै लेकसाइडका रेस्टुरेन्टमा मूल्यांकन गरेर स्टिकर प्रदान गरिने उपभोक्ता मञ्च गण्डकी अध्यक्ष कपिल कोइराला बताउँछन् ।

होटल व्यवसायीले ग्राहकलाई उपलब्ध गराएको खाद्य गुणस्तरका आधारमा स्टिकर प्रदान गरिनेछ । प्रत्येक वर्ष गुणस्तरका आधारमा मूल्यांकन गरिने उनको भनाइ छ । अनुगमन र निरीक्षणका क्रममा कैफियत देखिए १ महिना सुधारको मौका दिने र उक्त अवधिमा पनि सुधार भएको नपाइए श्रेणीअनुसार एक तह घटुवा गर्ने व्यवस्था निर्देशिकामा छ । लोगो र प्रमाणपत्र पाउने खाद्य व्यवसायीले म्याद सकिएको ३ महिनाभित्र नवीकरण गर्नुपर्छ ।

खाद्य पदार्थमा स्वच्छता हामी सबैको प्रतिवद्धता नाराका साथ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय कास्कीले बिहीबार होटल रेष्टुरेण्ट सञ्चालकहरुलाई होटल लोगो स्तरीकरण तथा नवीकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रमममा गरेको छ ।

# ‘शासकले उद्योगी, व्यवसायीलाई फुटाउँछन्’

**समाधान संवाददाता**
पोखरा, ३० भदौ

पोखरा चेम्बर अफ कमर्स कास्कीले पोखरा उद्योग वाणिज्य संघ तथा पृथ्वीराजमार्ग बस सञ्चालक कम्पनी प्रालिका नवनिर्वाचित पदाधिकारी तथा कार्यकारी सदस्यलाई स्वागत एवं सम्मान गरेको छ ।

कार्यक्रममा चेम्बर अफ कमर्स कास्की अध्यक्ष यमनाथ पौडेलले निजी क्षेत्रको प्रतिनिधित्व गरी खुलेका सबै साझा संस्था एक अर्काको प्रतिस्पर्धी नभएर सहयात्री भएको बताए । उनले उद्योगी, व्यवसायीको हकहितका लागि सामूहिक र संस्थागत रुपमा काम गर्ने चेम्बर तयार रहेको उल्लेख गरे ।

पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष पवनकुमार प्रजापतीले उद्योगी, व्यवसायीका संघ संस्था एकापसमा मिलेर काम गरे शक्ति आर्जन गर्न सकिने विश्वास व्यक्त गरे । ‘ शासकको काम फुटाऊ र शासन गर’ भएको टिप्पणी गर्दै अध्यक्ष प्रजापतीले संस्थागत एकता कायम गरेर व्यवसायीमा शासकको त्यस्तो नीति लागू हुन नदिने प्रतिवद्धता गरे ।

उनले व्यवासायीको एकता आजको आवश्यकता भएको उल्लेख गरे । ‘हामी उद्योगी, व्यवसायी फुटेर होइन, जुटेर काम गर्नु पर्छ । हामी एक हौं भन्ने सन्देश आजको कार्यक्रमले दिएको छ,’ अध्यक्ष प्रजापतिले भने, ‘फेरि पनि म भन्छु, हामी एकापसका प्रतिस्पर्धी होइनौं । त्यस्तो शब्द प्रयोग गर्नु पनि हुँदैन,’ अध्यक्ष प्रजापतीले भने, ‘संस्थाको नाम फरक छ । अफिस भए पनि सबै उद्योगी, व्यवसायी एक हौं ।’ उनले राज्यलाई कर तिर्न सहयोग गर्न तयार रहेको बताए । उनले उद्योगी, व्यवसायीलाई काला बजारी भनेर टीका, टिप्पणी गरेकोमा असहमति प्रकट गरे । उनले करको दरभन्दा पनि दायरा बढाउनुपर्ने सुझाव दिए ।

पृथ्वी राजमार्ग बस सञ्चालक कम्पनी प्रालि अध्यक्ष योगेन्द्रबहादुर केसीले उद्योगी, व्यवसायीको साझा उद्देश्य र लक्ष्य लगानीको सुरक्षा गर्नु रहेको बताए । उनले राज्यलाई कर तिरेपछि सोही अनुसारको सेवा सुविधा पाउनुपर्ने माग गरे । कोभिड १९ को प्रकोपपछि धेरै उद्योगी, व्यवसायी विस्थापित भएको दाबी गर्दै अध्यक्ष केसीले पछिल्लो समयमा बैंक तथा वित्तीय सस्थाको चर्को ब्याजदरले सबैलाई मारमा पारेको उल्लेख गरे । उनले आन्दोलन गरेर पेशा व्यवसायको रक्षा गर्नुपर्ने अवस्था आएको बताए ।

कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघ वाणिज्यतर्फका उपाध्यक्ष उत्तममान बुद्धाचार्य, महासचिव बलराम आचार्य, पोखरा चेम्बर अफ कमर्स कास्की उद्योगतर्फका उपाध्यक्ष ज्ञानबहादुर नेपाली, वस्तुगततर्फका उपाध्यक्ष उमराज बास्तोला, महासचिव नवराज आचार्य लगायतले उद्योगी, व्यवसायीका समस्याका बारेमा बोलेका थिए । कार्यक्रममा नबिल बैंक गण्डकी प्रदेशका प्रमुख सूर्य रोकाले पोखरा उद्योग वाणिज्य संघका पदाधिकारी तथा कार्यकारी सदस्यलाई सम्मान गरेका थिए ।


# हार्दिक बधाई



**श्री गोकर्ण कार्की**

हाम्रा भाइ/ दाजु **श्री गोकर्ण कार्की ज्यू** पोखरा उद्योग वाणिज्य संघको मिति २०७९ भाद्र २४ र २५ गते सम्पन्न **३४ औं महाधिवेशन**बाट वरिष्ठ उपाध्यक्ष पदमा अत्यधिक मतका साथ बिजयी हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं !

| | |
|---|---|
| मोहन बहादुर / राममाया कार्की | पोखरा १४ राधाकृष्ण टोल |
| गितादेवी / गुप्त बहादुर बानिया | पोखरा १० बुद्धचोक |
| राजकुमारी (कार्की) थापा | पोखरा ५ जिरो किमि |
| हरिकृष्ण / नारायणी कार्की | पोखरा १४ राधाकृष्ण टोल |


# अर्जुन नेपाली स्मृति पुरस्कार पुरुषोत्तमलाई

पोखरा, ३० भदौ (समाधान) - यस वर्षको अर्जुन नेपाली स्मृति संगीत पुरस्कार अग्रज लोक गायक पुरुषोत्तम न्यौपानेलाई प्रदान गरिने भएको छ । पुरस्कारको राशि नगद १० हजार र सम्मानपत्र छ ।



कृष्णबहादुर श्रेष्ठको संयोजकत्वमा गठित पुरस्कार योग्य प्रतिभा चयन समितिको सिफारिसमा न्यौपानेलाई पुरस्कृत गर्न लागिएको हो । २०६२ मा स्थापित अर्जुन नेपाली स्मृति संगीत पुरस्कारबाट हालसम्म अग्रज लोक गायिका बिमाकुमारी दुरा, हिमाली सांस्कृतिक परिवार, अग्रज लोक गायक प्रजापति पराजुली, संगीतकार बिबी अनुरागी, गायक विवेक श्रेष्ठ, संगीतकार राजकुमार श्रेष्ठ, गायक खड्ग गर्बुजा र गायिका अजुदा थापा पुरस्कृत भइसकेको छ । पुरस्कारको अक्षयकोष राशि २ लाख ५ सय ५ रुपैयाँ छ ।

# मधुश्रीलाई पुरस्कार

पोखरा, ३० भदौ (समाधान)- प्रेम शान्ति साहित्य पुरस्कारबाट मन्दिरा मधुश्रीलाई प्रदान गरिने भएको छ । आख्यान क्षेत्रमा उल्लेखनीय योगदान गरेवापत हरेक २ वर्षमा प्रदान गरिने प्रेम शान्ति सम्मान पुरस्कार पहिलो पटक विराटनगरकी कथाकार मधुश्रीलाई दिने निर्णय गरिएको हो ।

पोखरामा आगामी असोज ८ गते हुने समारोहबीच पुरस्कार प्रदान गरिने लमजुङ पोखरा सम्पर्क समितिले जनाएको छ । साहित्यकार कल्याण पन्तको संयोजकत्वमा गठन गरिएको ५ सदस्यीय पुरस्कार छनोट समितिले नेपालभरका ओझेलमा परेका प्रतिभामध्ये मधुश्रीलाई छनोट गरेको हो । छनोट समितिका सदस्य दीपक समीप, विश्वलाल श्रेष्ठ, विपिन अधिकारी र अक्षयकोषदाता प्रेमकुमारी गुरुङ थिए । पुरस्कार राशि १० हजार रुपैयाँसहित दोसल्ला छ ।

यो पुरस्कार लमजुङ पोखरा सम्पर्क समितिकी सल्लाहकार तथा समाजसेवी प्रेमकुमारी गुरुडले स्थापना गरेकी हुन् । १ लाख २५ हजारको अक्षयकोषको ब्याजबाट प्राप्त रकमबाट हरेक २ वर्षमा विशेषत: आख्यान क्षेत्रमा समर्पित व्यक्तित्वलाई यो सम्मान दिने गरिएको छ ।

# लोकतान्त्रिक तमु संघमा श्याम

**समाधान संवाददाता**
पोखरा, ३० भदौ



नेपाल लोकतान्त्रिक तमु संघको दोस्रो राष्ट्रिय सम्मेलनले वेदबहादुर गुरुङ (श्याम)को अध्यक्षतामा सर्वसम्मत नयाँ समिति चुनेको छ । पोखरामा बुधबार बेलुका सकिएको सम्मेलनले १ सय १ सदस्यीय केन्द्रीय समिति निर्वाचित गरेको हो ।

समितिका ७ उपाध्यक्षमा बागमती प्रदेशबाट ओमकुमार गुरुङ, प्रदेश नं.१ र मधेस प्रदेशबाट चक्रबहादुर गुरुङ, गण्डकी प्रदेशबाट हुमबहादुर गुरुङ (स्याङ्जा), लुम्बिनी-कर्णाली-सुदुरपश्चिम प्रदेशबाट प्रेमबहादुर गुरुङ, गमबहादुर गुरुङ (प्रवास, बेल्जियम), महिला उपाध्यक्षमा मिना गुरुङ (कास्की) र सर्मिला गुरुङ (मुस्ताङ) निर्वाचित भएका छन् । महासचिवमा हुमबहादुर गुरुङ छन् ।

सचिवहरुमा सुरेन्द्र गुरुङ (कास्की), ओमबहादुर गुरुङ (स्याङ्जा), सूर्यप्रसाद गुरुङ (लमजुङं), सूर्यबहादुर गुरुङ (तनहुँ), खगेन्द्र मेघी गुरुङ (बाग्मती), सीताराम गुरुङ (प्रदेश नं. १ र मधेस प्रदेश) र सहसचिवमा शम्भु गुरुङ (बागमती), कोषाध्यक्षमा बैनबहादुर गुरुङ (कास्की), सहकोषाध्यक्षमा देवकुमारी गुरुङ (बागमती) चयन भएका छन् ।

लेखा आयोगको अध्यक्षमा कास्कीका विष्णुकुमार गुरुङ, अनुशासन आयोगको अध्यक्षमा बाराका भरतबहादुर घले गुरुङ सर्वसम्मत बनेका छन् । सदस्यमा प्रवासबाट विजयकुमार गुरुङ (पूर्वी एसिया, हङकङ), बिनय गुरुङ (पूर्वी एसिया, जापान, कृष्ण गुरुङ (अमेरिकी, पश्चिम अमेरिका), शिवजंङ गुरुङ (मध्य पूर्व, युएई),रामचन्द्र गुरुङ (युरोप, युके), मुक्त गुरुङ (युरोप, स्पेन) र निलम (अमेरिकी, पूर्वी अमेरिका छन् ।

नवनिर्वाचित समितिलाई नेकपा (एमाले)का स्थायी समिति सदस्य, नेपाल लोकतान्त्रिक तमु संघका संस्थापक अध्यक्ष एवं अध्यक्ष मण्डलका अध्यक्ष किरण गुरुङले पद तथा गोपनियताको सपथ गराए ।

आयोजक समितिका संयोजक वेदबहादुर गुरुङ(श्याम)को अध्यक्षतामा भएको बन्दसत्रमा एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङले तमुहरु राजनीतिको मुलधारमा जुट्नुपर्नेमा जोड दिएका थिए । राजनीति नै देश, जनता र समुदायको हितका लागि गरिने भएकाले तमुहरु राजनीति नेतृत्वमा आउनुपर्ने उनको भनाइ छ । दोस्रो राष्ट्रिय सम्मेलनको नेकपा(एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मंगलबार उद्घाटन गरेका थिए ।


## पुतलीबजार नगरपालिका

## कर्मचारी आवश्यकता

**सूचना प्रकाशित मिति २०७९ भाद्र ३१**

पुतलीबजार नगरपालिका र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (यु.एन.डि.पि.) को आर्थिक तथा प्राविधिक सहयोग र सूर्योदय क्लवको व्यवस्थापनमा संचालित **हरित पुनरुत्थान तथा कोभिड १९ प्रतिकार्य पहल** का लागि निम्नानुसारको कर्मचारीको आवश्यकता भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ७ दिन (२०७९ असोज ६ गते) भित्र दिनको ५:०० बजे सम्म दरखास्त दिनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | पद | आवश्यक संख्या | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|
| ०१/०७९/०८० | कार्यक्रम संयोजक | १ जना | कृषि विज्ञान विषयमा स्नातक तह उर्त्तिण गरि कम्तिमा १८ महिना सम्बन्धित क्षेत्रमा अनुभव भएको |

१. उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको
२. प्रचलित कानुन अनुसार अयोग्य नठहरिएको ।
३. आवश्यक कागजात
क. निवेदन ख. व्यक्तिगत विवरण ग.शैक्षिक योग्यता र अनुभवको प्रमाण पत्रको प्रतिलिपि
घ. नागरिकताको प्रतिलिपि ङ. हाल सालै खिचिएको पासपोर्ट साइजको फोटो
४. सेवाको किसिम : करार
५. छनौट प्रक्रिया: अन्तरर्वाता
६. दरखास्त बुझाउने स्थान: सूर्योदय क्लबको कार्यालय पुतलीबजार नगरपालिका वडा नं ३ स्याङ्जा वा इमेल: **clubsuryodaya@gmail.com**

**पुनश्च :** महिला, आदिवासी/जनजाति, दलित, पिछडिएको वर्ग स्थानीय, सिमान्तकृत वर्ग, तथा कोभिड १९ बाट प्रभावितलाई विशेष प्राथमिकता दिइने छ ।

**थप जानकारीका लागि फोन नं ०६३–४२३०५०**



# आकर्षक जग्गा बिक्रीमा

- पोखरा महानगरपालिका वडा नं. २९, लेखनाथ घोतघोते मेन हाइवेमा ३२ हात मोहडा ६० हात पिछाड भएको आकर्षक घडेरी बिक्रीमा छ ।
- पोखरा महानगरपालिका वडा नं. ६, जरेबरमा (भित्री बाटो मेन रोडबाट १०० मिटर भित्र) २० हात मोहडा ५० हात पिछाड भएको आकर्षक घडेरी बिक्रीमा छ ।
- पोखरा महानगरपालिका वडा नं. ७, मालेपाटनमा (मेन रोडबाट ५०० मिटर भित्र, लेकसाइड जाने भित्री बाटोमा) चारपाटा मिलेको २ रोपनी आकर्षक जग्गा बिक्रीमा छ ।
- पोखरा १२ चापापानीमा १३ बाइ ३७ को सानो चट्ट घडेरी बिक्रीमा छ ।

सम्पर्क:
९८५६०८३५००, ९८१९१-१८८७५


**समाधान मिडिया प्रालिका लागि अध्यक्ष** : उमानाथ बराल, **प्रधान सम्पादक** : रामकृष्ण ज्ञवाली, **कार्यालय**: नयाँबजार, पोखरा, फोन : ०६१-५८८९७७, ५७६६६८, **Email: Ad: samadhanpkr@gmail.com** | News: samadhandainik@gmail.com | www.samadhannews.com